# टीकापुर नगरपालिकाको विनियोजन ऐन, २०७४

**नगर सभाबाट स्वीकृत मिति : २०७४।०५।२६**

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
७ नं. प्रदेश, नेपाल

# टीकापुर नगरपालिकाको विनियोजन ऐन, २०७४

**टीकापुर नगरपालिकाको आर्थिक बर्ष २०७४/२०७५ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

नगर सभाबाट स्वीकृत मितिः २०७४।०५।२६

**प्रस्तावना :** टीकापुर नगरपालिकाको आर्थिक वर्ष २०७४।०७५ को सेवा र कार्यहरुको लागि सञ्चित कोष बाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम टीकापुर नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**

१) यस ऐनको नाम **"टीकापुर नगरपालिकाको विनियोजन ऐन, २०७४"** रहेको छ ।

२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२ .**आर्थिक वर्ष २०७४।०७५ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार** :

१) आर्थिक वर्ष २०७४।०७५ को निमित्त अनुसुची-१ बमोजिमको राजश्व तथा अनुदान प्राप्तीको अनुमानका आधारमा नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची २ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.६१,८७,७०,२०२।९१ (अक्षेरुपी एकसट्ठी करोड सतासी लाख सत्तरी हजार दुई सय दुई र एकानब्बे पैसा मात्र) निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन :**

१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७४।०७५ को निमित्त टीकापुर नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरु बाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र

खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

४) यस नगरपालिकाको आ.व.२०७४/०७५ को नीति तथा कार्यक्रम कार्यान्वयन गर्न पारित विनियोजन विधेयकको अनुमानित आर्थिक, सामाजिक, वातावरण तथा विपद् व्यवस्थापन, संस्थागत विकास सेवा प्रवाह, वित्तिय व्यवस्थापन र सुशासन लगायत कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च शिर्षक अर्न्तगतको बजेट सिमा भित्र रहि नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त नगर कार्यपालिकाले निर्णय गरी कार्यक्रम तथा बजेट कार्यन्वयन गर्न सक्नेछ ।

५) आ.व.२०७४/७५मा केन्द्र सरकार, प्रदेश सरकार र अन्य दातृ निकायबाट कुनै कार्यक्रम/आयोजनाका लागि थप बजेट प्राप्त भएमा नगर कार्यपालिकाले निर्णय गरी सो बराबरको रकम संञ्चित कोष खाताबाट खर्च गर्न सक्नेछ ।

६) आ.व.२०७४।२०७५ का लागी अनुसुची -२ मा शिर्षकगत रुपमा विनियोजित बजेटको सीमाभित्र रही नगर कार्यपालिकाले निर्णय गरी कार्यक्रम तथा आयोजनाहरुमा बजेट बाँडफाँड गर्न सक्नेछ ।

अनुसुची – १

(दफा २ को उपदफा १ संग सम्वन्धित)

# राजस्व तथा अनुदान प्राप्तिको अनुमान

## आ.व.२०७४/७५

| संकेत | शीर्षक | आ.व.२०७४/७५ को लक्ष्य | कैफियत |
|---|---|---|---|
| **क** | **आन्तरिक राजस्व** | **३५०००००००.००** | थप विवरण अनुसुची - ३ मा संलग्न |
| **ख** | **राजस्व बाँडफाँड** | **१००००००००.००** | |
| **ग** | **गत वर्षको नगद मौज्दात** | **२२१९६२०२.९१** | |
| **१** | **नेपाल सरकारबाट प्राप्त अनुदानः** | | |
| १.१ | वित्तीय समानीकरण अनुदान | ३१३८८३०००.०० | |
| १.२ | सशर्त अनुदान - शिक्षा, स्वास्थ्य र कृषि | ११०९३१०००.०० | |
| १.३ | विशेष अनुदान (सामाजिक सुरक्षा कार्यक्रम) | १११३०००००.०० | |
| १.४ | विशेष अनुदान (सडक बोर्ड नेपाल कार्यक्रम) | ४७००००००.०० | |
| १.५ | विशेष अनुदान (सौर्य सडक बत्ती) | ५००००००.०० | |
| १.६ | विशेष अनुदान (नगर विकास कोष) | ५७६००००.०० | |
| २.० | प्रदेश सरकारबाट प्राप्त अनुदान | ०.०० | |
| ३.० | अन्य स्थानीय तहबाट प्राप्त अनुदान | ०.०० | |
| **घ)** | **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | **५५१५७४०००.००** | |
| **ङ)** | **जनसहभागिता** | **०** | |
| | **जम्मा आय** | **६१८७७०२०२.९१** | |

अनुसुची - २

(दफा २ को उपदफा १ संग सम्वन्धित)

# सञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.सं. | शीर्षकको नाम | चालु खर्च | कार्यक्रमगत र पुँजीगत खर्च | जम्मा |
|---|---|---|---|---|
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च - केन्द्र | ६१२१५९००.०० | ० | ६१२१५९००.०० |
| २ | केन्द्रिय - समपुरक कोष (Matching fund) | ० | ८९४७६५७१.०० | ८९४७६५७१.०० |
| ३ | विशेष अनुदानवाट सचालीत हुने कार्यक्रम | १११३०००००.०० | १५४६००००.०० | १२६७६००००.०० |
| ४ | नगर स्तरीय आयोजना | ० | १२३६४४९७८.९१ | १२३६४४९७८.९१ |
| ५ | विषयगत रुपमा शशर्त - शिक्षा | ७३४७५०००.०० | ० | ७३४७५०००.०० |
| ६ | विषयगत रुपमा शशर्त - स्वास्थ्य | ३५८५७०००.०० | ३६८०००.०० | ३६२२५०००.०० |
| ७ | विषयगत रुपमा शशर्त - कृषि तथा पशु | १२३१०००.०० | ० | १२३१०००.०० |
| ८ | वडा स्तरीय कार्यक्रम | ५४८४१००.०० | १०१२५७६५३.०० | १०६७४१७५३.०० |
| | **जम्मा** | **२८८५६३०००.००** | **३३०२०७२०२.९१** | **६१८७७०२०२.९१** |

अनुसूची -३

(अनुसुची १ को थप व्याख्याको रुपमा)

# आन्तरीक राजस्व प्राप्तिको अनुमान

आ.व.२०७४/७५

| संकेत | शीर्षक | आ.व.२०७४/७५ को लक्ष्य |
|---|---|---|
| ११३१३ | एकिकृत सम्पति कर | १४४०००००.०० |
| ११३१४ | भुमिकर/मालपोत | १०००००.०० |
| ११३२१ | घरवहाल कर | २५००००.०० |
| ११४५१ | सवारी साधन कर (सवारी दर्ता, वार्षिक सवारी कर तथा पटके सवारी कर) | ८००००.०० |
| ११४७१ | मनोरञ्जन कर | २५००००.०० |
| ११४७३ | विज्ञापन कर | ० |
| ११६९१ | व्यवसाय कर (अन्य) | १००००००.०० |
| १४१५१ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ३२५००००.०० |
| १४२११ | कृषि उत्पादनको विक्रीबाट प्राप्त रकम | ० |
| १४२१२ | सरकारी सम्पतीको विक्रीबाट प्राप्त रकम | ७५०००.०० |
| १४२१६ | निजी धारा वापतको शुल्क | १५००००.०० |
| १४२२७ | अन्य प्रशासनिक सेवा शुल्क | ४७५०००.०० |
| १४२३२ | पर्यटन सेवा शुल्क | ४७००००००.०० |
| १४२४१ | पार्किङ्ग शुल्क | ४५००००.०० |
| १४२४२ | नक्सापास दस्तुर | २००००००.०० |
| १४२४३ | सिफारिश दस्तुर | ४००००००.०० |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | १०००००.०० |
| १४२४५ | नाता प्रमाणित दस्तुर | १८००००.०० |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | २८००००.०० |
| १४५२९ | अन्य राजस्व | ३२६००००.०० |
| १५१११ | बेरुजू | ० |
| | **कुल आन्तरिक राजस्व** | **३५००००००.००** |

अनुसूची -४

(अनुसूची-२ को क्रम संख्या १ सँग सम्बन्धित)

## आ.व. २०७४/७५ को कार्यालय सञ्चालन तथा प्रशासनिक चालु खर्च बजेटको अनुमानित विवरण

| खर्च संकेत नं. | खर्च शिर्षक | केन्द्रको | वडा तहको | आ. व. २०७४/७५ को जम्मा अनुमानित व्यय |
|---|---|---|---|---|
| २११११ | पारिश्रमिक कर्मचारी | १९२०००००.०० | | १९२०००००.०० |
| २१११२ | पारिश्रमिक पदाधिकारी | ५७००००००.०० | | ५७००००००.०० |
| २११२१ | पोशाक | ४५००००.०० | | ४५००००.०० |
| २११२२ | खाद्यान्न | १८००००.०० | | १८००००.०० |
| २११२३ | औषधी उपचार खर्च | २०००००.०० | | २०००००.०० |
| २११३२ | महंगी भत्ता | ७२००००.०० | | ७२००००.०० |
| २११३४ | बैठक भत्ता | १४०००००.०० | | १४०००००.०० |
| २११३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ३००००००.०० | | ३००००००.०० |
| २११३९ | अन्य भत्ता | १००००००.०० | | १००००००.०० |
| २११४१ | पदाधिकारी बैठक भत्ता | १९५००००.०० | १९४४०००.०० | ३८९४०००.०० |
| २११४९ | पदाधिकारी अन्य भत्ता | ५०००००.०० | | ५०००००.०० |
| २१२१४ | कर्मचारी कल्याण कोष | २००००००.०० | | २००००००.०० |
| २१२२९ | पदाधिकारीको अन्य सामाजिक सुरक्षा खर्च | ४०००००.०० | | ४०००००.०० |
| २२१११ | पानी तथा बिजुली | १२०००००.०० | २७००००.०० | १४७००००.०० |
| २२११२ | संचार महसुल | ६०००००.०० | ३७८०००.०० | ९७८०००.०० |
| २२२११ | इन्धन (पदाधिकारी) | ७५००००.०० | | ७५००००.०० |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ९०००००.०० | १७०१००.०० | १०७०१००.०० |
| २२२१४ | बिमा तथा नवीकरण खर्च | ७०००००.०० | | ७०००००.०० |
| २२२९१ | अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | १९०००००.०० | ४३२०००.०० | २३३२०००.०० |

| | | | | |
|---|---|---|---|---|
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | ३०००००००.०० | १०२६०००.०० | ४०२६०००.०० |
| २२३१४ | इन्धन - अन्य प्रयोजन | २०००००.०० | | २०००००.०० |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १००००००.०० | | १००००००.०० |
| २२४११ | सेवा र परामर्श खर्च | ३०००००.०० | | ३०००००.०० |
| २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ३०००००.०० | | ३०००००.०० |
| २२४१३ | करार सेवा शुल्क | ६००००००.०० | | ६००००००.०० |
| २२४१९ | अन्य सेवा शुल्क | १५००००.०० | | १५००००.०० |
| २२५११ | कर्मचारी तालिम खर्च | ७०००००.०० | | ७०००००.०० |
| २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | २०००००.०० | | २०००००.०० |
| २२५२२ | कार्यक्रम खर्च | ३०००००.०० | | ३०००००.०० |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | ३०००००.०० | | ३०००००.०० |
| २२६१२ | भ्रमण खर्च | १३०००००.०० | | १३०००००.०० |
| २२६१३ | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | ३०००००.०० | | ३०००००.०० |
| २२७११ | विविध खर्च | १५१५९००.०० | ९७२०००.०० | २४८७९००.०० |
| २२७२१ | परिषद् सञ्चालन खर्च | १३०००००.०० | | १३०००००.०० |
| २४२११ | आन्तरिक ऋणको व्याज | ३५००००.०० | | ३५००००.०० |
| २५३१५ | अन्य सहायता | २५००००.०० | | २५००००.०० |
| २८१४२ | घर भाडा | २५००००.०० | २९२०००.०० | ५४२०००.०० |
| २८१४३ | सवारी साधन तथा मेशिनर औजार भाडा | २५००००.०० | | २५००००.०० |
| २८९११ | भैपरी आउने चालु खर्च | ५०००००.०० | | ५०००००.०० |
| | **कुल जम्मा** | **६१२१५९००.००** | **५४८४१००.००** | **६६७००००००.००** |

अनुसूची - ५

(अनुसूची-२ को क्रम संख्या ८ सँग सम्बन्धित)

# आ.व.२०७४/७५ को वडागत **कार्यालय सञ्चालन चालु खर्च बजेटको अनुमानित विवरण**

| सि.नं. | खर्च शिर्षक | **खर्च संकेत नं.** | वडा नं.३,४,६,७ र ८ को बार्षिक बजेट | | वडा नं.५ र ९ को बार्षिक बजेट | | वडा नं.१ को बार्षिक बजेट | | वडा नं.२ को बार्षिक बजेट | | **९ वटा वडाको जम्मा** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | मासिक बजेट सीमा | वार्षिक बजेट सीमा | मासिक बजेट सीमा | वार्षिक बजेट सीमा | मासिक बजेट सीमा | वार्षिक बजेट सीमा | मासिक बजेट सीमा | वार्षिक बजेट सीमा | |
| १ | वडा समितिको बैठक भत्ता | **२११४१** | १८०००।० | २१६००००।० | १८०००।० | २१६००००।० | १८०००।० | २१६००००।० | १८०००।० | २१६००००।० | १९४४०००।० |
| २ | चिया/खाजा तथा अतिथि सत्कार खर्च | **२२७११** | ६०००।० | ७२०००।० | ६०००।० | ७२०००।० | ६०००।० | ७२०००।० | ६०००।० | ७२०००।० | ६४८०००।० |
| ३ | विद्युत महशुल (बिल बमोजिम भुक्तानी हुने) | **२२१११** | २५००।० | ३००००।० | २५००।० | ३००००।० | २५००।० | ३००००।० | २५००।० | ३००००।० | २७००००।० |
| ४ | पदाधिकारी एवं कर्मचारी सञ्चार खर्च (ल्याण्डलाईन टेलिफोन तथा रिचार्ज कार्ड खरिद समेत) | **२२११२** | १५००।० | १८०००।० | १५००।० | १८०००।० | १५००।० | १८०००।० | १५००।० | १८०००।० | १६२०००।० |
| ५ | ईन्टरनेट सेवाको खर्च (बिल बमोजिम भुक्तानी हुने) | **२२११२** | २०००।० | २४०००।० | २०००।० | २४०००।० | २०००।० | २४०००।० | २०००।० | २४०००।० | २१६०००।० |
| ६ | ईन्धन खर्च (पेट्रोल) | **२२२१२** | १५७५।० | १८९००।० | १५७५।० | १८९००।० | १५७५।० | १८९००।० | १५७५।० | १८९००।० | १७०१००।० |
| ७ | मसलन्द तथा स्टेशनरी सामान खरिद (छपाई बाहेकको) | **२२३११** | ६०००।० | ७२०००।० | ६०००।० | ७२०००।० | १२०००।० | १४४०००।० | ६०००।० | ७२०००।० | ७२००००।० |
| ८ | सरसफाई सामाग्री खरिद | **२२३११** | २०००।० | २४०००।० | २०००।० | २४०००।० | २०००।० | २४०००।० | २०००।० | २४०००।० | २१६०००।० |
| ९ | विभिन्न विद्यूतिय सामाग्रीहरु खरिद तथा अन्य विविध खरिद | **२२३११** | वार्षिक | १००००।० | वार्षिक | १००००।० | वार्षिक | १००००।० | वार्षिक | १००००।० | ९००००।० |
| १० | कम्प्यूटर, प्रिन्टर आदि मर्मत | **२२२९१** | २०००।० | २४०००।० | २०००।० | २४०००।० | २०००।० | २४०००।० | २०००।० | २४०००।० | २१६०००।० |
| ११ | अन्य मर्मत संभार कार्य | **२२२९१** | २०००।० | २४०००।० | २०००।० | २४०००।० | २०००।० | २४०००।० | २०००।० | २४०००।० | २१६०००।० |
| १२ | घर भाडा (बहाल कर समेत) | **२८१४२** | ० | ० | ६०००।० | ६००००।० | १००००।० | १०००००।० | ६००० | ७२००० | २९२०००।० |
| १३ | अन्य विविध | **२२७११** | ३०००।० | ३६०००।० | ३०००।० | ३६०००।० | ३०००।० | ३६०००।० | ३०००।० | ३६०००।० | ३२४०००।० |
| **जम्मा** | | | **४६५७५।०** | **५६८९००।०** | **५२५७५।०** | **६२८९००।०** | **६२५७५।०** | **७४०९००।०** | **५२५७५।०** | **६४०९००।०** | **५४८४१००।०** |